In Our Hands

# आवेदन गाइड

www.britishcouncil.org

निर्देशिकाले यस अवसरबारे बारम्बार सोधिने प्रश्नहरूलाई समेट्छ । आवेदन दिनुअघि र ब्रिटिश काउन्सिल समक्ष आफ्ना जिज्ञासाहरू राख्नु अघि यस निर्देशिकालाई राम्रोसँग पढ्नुहोस् ।

## In Our Hands

*जलवायु परिवर्तनप्रति उत्थानशीलताको लागि सिर्जनशील हरित अर्थव्यवस्था*

सिर्जनशील एवं समावेशी जलवायु कार्यमा रुचि राख्ने युवाका लागि क्ष्ल इगच ज्बलमक एउटा नयाँ अवसर हो । यस कार्यक्रमले नेपालको समृद्ध सांस्कृतिक तथा प्राकृतिक सम्पदालाई सदुपयोग तथा संरक्षण गरी दिगो एवम् उत्थानशील विकासमा योगदान गर्ने बजारमा आधारित समाधानहरूको जगेर्ना गर्ने लक्ष्य राखेको छ । In Our Hands ब्रिटिश काउन्सिलको Road to COP कार्यक्रमको हिस्सा हो ।

### सिर्जनशील हरित अर्थव्यवस्थालाई सहयोग गर्ने

सिर्जनशील हरित अर्थतन्त्र नेपालको जलवायु तथा विकाससम्बन्धी एजेन्डा हासिल गर्ने एउटा प्रमुख माध्यम हो । सन् २०४५ सम्ममा खुद शून्य कार्बन अर्थतन्त्रमा पुग्ने भनेर COP26 मा प्रतिबद्धताको रूपमा व्यक्त गरिएका लक्ष्यहरू हासिल गर्न नेपालले न्यून कार्बन उत्सर्जन गर्ने र स्रोतको समुचित उपयोग गर्ने व्यवसायमा लगानी गर्नुपर्छ । यसले बजारमा समावेशितालाई बढाउँदै निरन्तर दिगोपनको दूरगामी उत्थानशीलतालाई सुनिश्चित गर्ने खालका आयोजनाहरूमा ध्यान दिनुपर्नेछ । सिर्जनशील हरित अर्थतन्त्रले प्रकृतिमा आधारित समाधान र हरित अर्थतन्त्रको न्यून कार्बन महत्वकांक्षाहरूमा कार्य गर्ने सिर्जनशील उद्योगहरूको सम्भावनालाई सदुपयोग गर्नेछ ।

यस अन्तरसम्बन्धित दृष्टिकोणले हाम्रो कार्यक्रमलाई मार्गदर्शन गर्दै सहभागीहरूलाई उद्योग क्षेत्रका विज्ञ र प्राज्ञिक व्यक्तिहरूबाट सिक्ने विशेष अवसर प्रदान गर्दछ । सबै खालका पृष्ठभूमि भएका आवेदकहरूलाई यस कार्यक्रममा आवेदन गरी नेपाल र बेलायतका विज्ञहरूबाट सहजीकरण गरिने शृङ्खलाबद्ध कार्यशाला, अनुशिक्षणका सत्र र अनुदानका योजनाहरूमा सहभागी हुन अनुरोध गरिन्छ ।
सहभागीहरूले निर्देशित सिकाइ, प्रत्यक्ष व्यक्तिगत अनुशिक्षण र अनुदानका अवसरबाट लाभ लिनेछन् । सत्रहरू भर्चुअल रूपमा सञ्चालन हुनेछन् भने कार्यक्रमको अवधिमा काठमाडौंमा केही सीमित भौतिक कार्यक्रम हुनेछन् ।

**आवेदनहरू सन् २०२२ सेप्टेम्बर ५ (भदौ २०, २०७९) मा बन्द हुनेछन् ।**

## In Our Hands बारेमा

ब्रिटिश काउन्सिलले सन् २०१९ देखि वातावरण, समाज र संस्कृति बीचका अन्तरसम्बन्धहरूको अन्वेषण गर्न साझेदारहरूसँग कन्सोर्टियम गरी काम गरिरहेको छ । ब्रिटिश काउन्सिलको एउटा ग्लोबल कार्यक्रमको रूपमा रहेको क्राफ्टिङ फ्युचर्सले सन् २०२१ मा पहिलो पटक प्रकृतिमा आधारित कला/शिल्प व्यवसायका लागि तयार गरिएको नवप्रवर्तन अनुदान उपलब्ध गराउने कार्यक्रम सुरु गर्‍यो । In Our Hands ले सोही प्रयासलाई निरन्तरता दिँदै जलवायु परिवर्तनको विश्वव्यापी चुनौतीमा प्रतिकार्य गर्ने सिर्जनशील हरित अर्थव्यवस्थालाई अघि बढाउनेछ ।
ब्रिटिश काउन्सिलको अनुसन्धानले विश्वभरका युवाहरू काम गर्न चाहन्छन् तर जलवायु परिवर्तनमा प्रतिकार्य गर्ने सही ठाउँ पाएका छैनन् भन्ने देखाउँछ । हामीले विकासमा सम्पदाको आवेदन मार्फत समावेशीकरणलाई कसरी सहयोग गर्न सकिन्छ भनेर पनि हेर्‍यौं ।

In Our Hands ले यी सबै कुरालाई सँगै अघि बढाउँदै अझ हरित, समावेशी र उत्थानशील विकासका लागि युवा उद्यमशीलतालाई सहयोग गर्नेछ । यसमा शृङ्खलाबद्ध कार्यशाला रहनेछ र त्यसभित्र अनुशिक्षण सत्रहरू, व्यवसाय सोचको प्रस्ताव तथा सञ्जालीकरण, अनुदान र प्रदर्शनका अवस हुनेछन् ।

## समयतालिका

| समयतालिका- In our hands | |
|---|---|
| **गतिविधि** | **मिति** |
| आवेदन खुल्ने | ८ अगस्ट २०२२ (साउन २३, २०७९) |
| अभिमुखीकरण अनलाइन वेविनार | १८ अगस्ट २०२२ (भदौ २, २०७९) |
| आवेदन बन्द हुने | ५ सेप्टेम्बर २०२२ (भदौ २०, २०७९) |
| सबै आवेदकलाई नतिजाबारे सूचित गर्ने | ९ सेप्टेम्बर २०२२ (भदौ २४, २०७९) |
| क्षमता विकासका गतिविधि र शृङ्खलाबद्ध कार्यशाला | सेम्टेम्बर-नोभेम्बर २०२२ |
| COP27 को समयमा सोच प्रस्ताव कार्यक्रम | नोभेम्बर २०२२ |
| अनुदान वितरण तथा व्यवस्थापन | डिसेम्बर २०२२- फेब्रुअरी २०२३ |
| अनुदान प्रापकहरूले प्रदर्शन गर्ने कार्यक्रमहरू | जनवरी २०२३ |
| अनुशिक्षण अवधि | डिसेम्बर २०२२- फेब्रुअरी २०२३ |

छनौट भएका आवेदकहरूले सेप्टेम्बर २०२२ देखि नोभेम्बर २०२२ सम्म सचेतना तथा सीप विकास गर्ने र उद्योग क्षेत्रका विज्ञ तथा सरोकारवालाहरूसँग जोडिने सम्बन्धी भर्चुअल सत्रहरूमा सहभागिता जनाउनेछन् । उनीहरूले अनुशिक्षण, लेक्चर (प्रवचन), निर्देशित सिकाइ र स्थलगत अनुसन्धानका मिश्रित विधिहरू मार्फत लाभ लिनेछन् । कार्यक्रम प्रयोगात्मक एवम् अनुभवमूलक सिकाइमा केन्द्रित हुनेछ र सहजकर्ताहरूले अन्तरविधागत पाठ्यक्रमबाट विभिन्न अवधारणहरू प्रस्तुत गर्नेछन् ।

डिजाइन सोच, वैकल्पिक आर्थिक मोडेल, व्यवसाय मोडेलिङ, सिर्जनशील पैरवी र प्रारम्भिक नमुना विकास जस्ता शीर्षकहरूले सहभागीहरूमा चुनौती प्रस्तुत गरी जलवायु कार्यमा उनीहरूको व्यक्तिगत र सामूहिक भूमिकालाई प्रेरित गर्नेछ । तिनीहरूले समावेशी आर्थिक वृद्धितर्फ डोऱ्याउने मानिस केन्द्रित दृष्टिकोणका मूल्यबारे सिक्नेछन् र वास्तविक संसारमा यी दृष्टिकोणहरू कसरी साकार हुनेछन् भन्ने हेर्नेछन् । सहभागीहरूले कार्यशाला अवधिभरि उनीहरूको व्यवसाय मोडेलिङमा सहयोगका लागि अप्लाइड आर्टस् स्कटल्याण्डले विकास गरेको क्राफ्ट टूलकिट प्रयोग गर्नेछन् (यसको नेपाली संस्करण सेप्टेम्बरमा उपलब्ध हुनेछ) ।

कार्यशाला शृङ्खलाको अन्त्यमा सबै सहभागीहरूले सोच प्रस्ताव गर्ने कार्यक्रममा सामेल हुने अवसर पाउनेछन् र त्यहाँ बढीमा ६ वटासम्म सिर्जनशील हरित अर्थव्यवस्था सम्बन्धी परियोजनालाई सोचहरूको परीक्षण प्रयोग/नमुना

विकास (pilot/prototype) गर्न अनुदान प्रदान गरिनेछ । सोचहरूको परीक्षण प्रयोग/नमुना विकास गर्न अनुदान प्रदान गरिएका परियोजना डिसेम्बर/जनवरीमा तयार भई नेपाल एवम् बेलायतका दर्शकसमक्ष प्रस्तुत गरिनेछ ।

In Our Hands काठमाडौं विश्वविद्यालय, एडिनवर्ग नेपियर युनिभर्सिटी, अप्लाइड आर्टस् स्कटल्याण्डका विज्ञहरू, नेपाल आर्ट भिलेजबाट सञ्चालित हुनेछन् भने यसलाई राष्टिय आविष्कार केन्द्रले सहयोग गर्नेछ । हाम्रो अनुशिक्षक/सहजकर्ताहरूबारे विस्तृत जानकारीका लागि टीम पेजमा गएर हेर्नुहोस् ।

## प्रक्रिया

इच्छुक आवेदकहरूले सुरु गर्नुअघि आवेदन निर्देशिका पढ्न सक्नेछन् । निर्देशिकाले यस अवसरको बारेमा रहेका प्रश्नहरूको उत्तर दिनेछ । हामीले यसबारे प्रमुख कुराहरू बताउनका लागि सन् २०२२ अगस्ट १८ (भदौ २, २०७९) बिहिबारका दिन एउटा अनलाइन वेविनार पनि सञ्चालन गर्दैछौँ र वेविनार नेपाली समयअनुसार दिउँसो ३ देखि ४ बजेम्म हुनेछ ।

आवेदन दिनको लागि तपाईंले फाराम भर्नुपर्नेछ (यो अंग्रेजी र नेपाली दुवैमा उपलब्ध छ) वा फाराम प्रयोग गर्न सक्नु भएन भने फाराममा भएका सबै प्रश्नहरू समेटेको भिडियो पनि पेश गर्न सक्नुहुनेछ । फारामका प्रश्नहरू यहाँबाट डाउनलोड गर्न सकिनेछ र डिजिटल फाराम भर्न सुरु गर्नुअघि राम्रोसँग अध्ययन गर्न सकिनेछ ।

आवेदन दिने अन्तिम मिति सन् २०२२ सेप्टेम्बर ५ (भदौ २०, २०७९) नेपाली समयअनुसार रातिको ११:५९ बजेसम्म रहेको छ ।

## योग्यता

नेपालमा कार्यरत नेपाली नागरिकहरूले आवेदन दिन पाउनेछन् । हामी महिला, लैङ्गिक अल्पसंख्यक, सीमान्तकृत तथा अल्पसंख्यक समुदायका युवाहरूलाई आवेदन दिन उच्च प्रोत्साहित गर्दछौँ ।

ध्यान दिनुपर्ने कुराहरू :

- जुनसुकै शैक्षिक पृष्ठभूमि, उद्योग वा सिर्जनशील क्षेत्रका व्यक्ति वा समूहहरूले आवेदन गर्न सक्नेछन् ।
- आवेदन गर्नका लागि सोच हुनुपर्छ भन्ने छैन, तर तपाईंसँग सोच छ भने यो विकासको कुनै पनि चरणमा हुन सक्छ र यसलाई थप अगाडि बनाउन वा कार्यान्वयन गर्न यस कार्यक्रमले अर्थपूर्ण योगदान गर्न सक्छ ।
- अनलाइन कार्यशाला शृङ्खलामा सहभागी हुनका लागि तपाईंसँग इन्टरनेटको पहुँच हुनुपर्छ । सोच प्रस्ताव कार्यक्रम काठमाडौँमा आयोजना गरिनेछ र तपाई उपत्यका बाहिर रहेर सहभागी भइरहनुभएको छ भने उपत्यकामा आउनु पर्ने हुनसक्छ ।

## मूल्याङ्कन

आवेदनहरू यस कार्यक्रमका साझेदारहरूको प्रतिनिधित्व गर्ने विज्ञ प्यानलबाट समीक्षा गरिनेछ । प्यानलले प्रत्येक जवाफमा अंक प्रदान गर्नका लागि बहुमापदण्ड प्रयोग गर्नेछ, यस अन्तर्गत तलका कुरालाई विशेष ध्यानमा राखिनेछ :

- सान्दर्भिकता तथा उद्देश्य : आवेदकले आफ्नो प्रेरणा र आकांक्षालाई कसरी प्रमाणित गर्दछन्, कार्यक्रमको नतिजा/प्रभावसँग उनीहरूको उद्देश्य कत्तिको सान्दर्भिक छ ।

- समानता, विविधता र समावेशिता : प्यानलले लैङ्गिक सन्तुलन र पर्याप्त भौगोलिक/जनसाङ्ख्यिक विविधता हुने गरी प्रतिनिधिमूलक समूह छनौट गर्नेबारे आवेदनहरूमा विचार गर्नेछ ।

सफल आवेदकहरूले ब्रिटिश काउन्सिलबाट सन् २०२२ को सेप्टेम्बर ९ (भदौ २४, २०७९) सम्ममा स्थान पक्का भए नभएको बारे खबर पाउनेछन् ।

## बारम्बार सोधिने प्रश्नहरू (FAQs)

### Road to COP वा Road to COP26 भनेको के हो? बारेमा

Road to COP युकेएडको आर्थिक सहायतामा ब्रिटिश काउन्सिलद्वारा सञ्चालित कार्यक्रम हो । यो युवाहरूको संलग्नता र जलवायु सम्बन्धी सञ्चारका क्रियाकलाप मार्फत दीर्घकालीन जलवायु कार्यमा सम्बन्धमा नेपाल र बेलायत सरकारको जलवायु समावेशी लक्ष्यहरूलाई सहयोग गर्न तयार गरिएको परियोजना हो । यसले नेपाल र बेलायतका सिर्जनशील क्षेत्रको साझेदारी मार्फत कार्य गरी जलवायु परिवर्तनको विश्वव्यापी चुनौतीलाई सिर्जनात्मक र नवप्रवर्द्धनात्मक रूपमा सम्बोधन गर्न राष्ट्रिय स्तरका व्यक्ति तथा संस्थाहरूलाई सहयोग गर्दछ ।

### In Our Hands भनेको के हो?

In Our Hands, Road to COP अन्तर्गतको एउटा कार्यक्रम रहेको छ । यो युवा उद्यमशीलता परियोजना हो । यसले नेपालको दीर्घकालीन जलवायु लक्ष्यहरू हासिलमा योगदान दिनसक्ने सिर्जनशील हरित अर्थव्यवस्थाको विकासका लागि क्षमता विकास गर्ने, स्रोत, कार्यमञ्च र सञ्जालहरू उपलब्ध गराउने लक्ष्य राख्दछ ।

In our Hands कार्यक्रमलाई नेपाल आर्ट भिलेज, काठमाडौं विश्वविद्यालयको स्कुल अफ आर्टस् र स्कुल अफ इन्जिनियरिङ, अप्लाइड आर्टस् स्कटल्याण्ड, एडिनवर्ड नेपियर युनिभर्सिटी र राष्ट्रिय आविष्कार केन्द्र जस्ता विभिन्न साझेदारहरूले संयुक्त रूपमा सहजीकरण गर्नेछन् ।

### सत्रहरू कसरी सञ्चालन गरिन्छन् ?

सेप्टेम्बरबाट हप्तामा दुई वटा सत्रहरू सञ्चालन गरिनेछ ( प्रत्येक सत्र ४ देखि ५ घण्टा लामो हुनेछ) । प्रमुख सार्वजनिक बिदा र चाडपर्वहरूमा कुनै पनि सत्रहरू सञ्चालन गरिनेछैन । प्रत्येक हप्ताको सत्रहरूमा डिजाइन सोच, वैकल्पिक अर्थव्यवस्था मोडेल, व्यवसाय मोडेलिङ, सिर्जनशील पैरवी र नमुना विकास जस्ता शीर्षक रहनेछन् ।

सत्रहरू नेपाली र बेलायतका विज्ञहरूबाट सञ्चालित हुनेछन् । सत्रमा शिक्षणको मुख्य भाषा अंग्रेजी हुनेछ । तथापि, अंग्रेजी दक्षता नभएका सबैको यी तालिम र गतिविधिमा सहज पहुँच होस् भनेर दोभाषे व्याख्याको व्यवस्था गरिनेछ (अंग्रेजी/नेपाली) ।

### सत्रहरू किन भर्चुअल रूपमा गरिन लागिएका हुन् ?

कोभिडको जोखिमबाट बच्न, नेपालभरिका सहभागीलाई समेट्न र कार्यक्रम कम खर्चिलो होस् भनेर हामीले भर्चुअल सञ्चालन मोडेल रुचाएका छौं । भर्चुअलमा रहँदा हामीलाई एकै समयमा दोभाषे सेवा प्रदान गर्न पनि सजिलो हुन्छ र नेपाली मात्र बोल्ने मानिससम्म समेत पुग्न सक्छौं । यी सत्रहरूले सबैलाई आकर्षित गरोस् र व्यक्तिहरूले पूर्ण ध्यान दिएर बुझ्न सक्ने ठाउँ बनोस् भन्ने हामी सुनिश्चित गर्नेछौं ।

हामीले आवेदन गर्ने सम्बन्धमा रहेका डिजिटल असमानता र अवरोधको पनि सम्बोधन गर्न खोजेका छौं । तपाईंलाई इन्टरनेट पहुँचमा कुनै समस्या छ भने त्यो कुरा फाराममा उल्लेख गर्न सक्नुहुनेछ ।

हामीले सबैको राम्रोसँग पहुँच हुनसक्ने भिडियो प्लेटफर्म प्रयोग गर्दैछौं । तपाईंले कुन मन पर्छ भन्ने कुरा फाराममा उल्लेख गर्न सक्नुहुन्छ ।

### तालिम कार्यशालामा कुन कुन शीर्षक समेटिनेछन् ?

हामीले डिजाइन सोच, नमुना विकास, सिर्जनशील पैरवी, उद्देश्यबाट प्रेरित व्यवसाय मोडेलिङ र अनुसन्धानका शीर्षकमा कार्य गर्नेछौँ । हाम्रा सहजकर्ताहरूले विभिन्न विषयगत विधा र विचारधाराबाट संकलित दृष्टिकोणहरूलाई समेटेर वृहत कथाको विकास गर्नेछन् । सहभागीहरूले नेपाल र बेलायतका स्रोतहरू र सम्बन्धित केस स्डडीहरूमा अन्तरक्रिया गर्ने मौका पाउनेछन् ।

### सहजकर्ता र अनुशिक्षक (मेन्टर) को को छन् ?

In Our Hands नेपाल र बेलायतको साझेदारीमा सञ्चालन हुनेछ । बेलायत र नेपालका समकालीन शिल्प/कला तथा डिजाइन, चक्रीय अर्थतन्त्र, सम्पदा संरक्षण र वातावरणीय दिगोपन क्षेत्रका विषय विज्ञहरूले मिलेर कार्य गर्नेछन् र नेपाली उद्यमीहरूको क्षमता विकासका लागि कार्यशालाहरूको डिजाइन गर्नेछन् । सहजकर्ता र अनुशिक्षकहरूबारे थप जानकारीका लागि यो वेवसाइट हेर्नुहोस् ।

### छनौट भएका साझेदारहरूबाट अपेक्षा गरिएका प्रतिबद्धताहरू के के हुन् ?

सहभागीहरूले नोभेम्बर २०२२ सम्म योजना गरिएका सत्रहरूमा सहभागी हुने प्रतिबद्धता गर्न सक्नुपर्छ । सबै गरेर कुल ४० घण्टाको समय निर्धारण गरिएको छ र यसमा अनुशिक्षण सत्रहरू समेत सामेल छन् । सबै सत्रहरूको रेकर्ड गरिनेछन् र सत्रमा अनुपस्थित सहभागीलाई उपलब्ध गराइनेछन् । अनुपस्थित हुने दिन र कारणबारे सहजकर्तालाई अग्रीम रूपमा जानकारी गराउनुपर्छ । अनुपस्थित हुँदा यसले नोभेम्बरपछिको फलोअप अनुदानका लागि आवेदन गर्ने सहभागीको योग्यतामा असर गर्नेछ ।

### आवेदनको विज्ञापनमा भनिएको अनुदान/प्रदर्शन भनेका के हुन् ?

कार्यशाला शृङ्खला सकिएपछि सबै सहभागीहरूले सोच प्रस्ताव कार्यक्रममा सामेल हुने मौका पाउनेछन्, त्यहाँ ६ वटा परियोजनालाई सोचहरूको परीक्षण प्रयोग/नमुना विकासका (pilot/prototype) लागि अनुदान प्रदान गरिनेछ । सोचहरूको परीक्षण प्रयोग/नमुना विकास गर्न अनुदान प्रदान गरिएका परियोजना डिसेम्बर/जनवरीमा तयार भई नेपाल एवम् बेलायतका दर्शकसमक्ष प्रस्तुत गरिनेछ ।

### आयोजकहरूबाट In Our Hands को बारेमा थप जान्न पाउने अवसर छ ?

हो, पक्कै पनि छ । हामीले अगस्ट १८ गते बिहीबार(नेपाल समय अनुसार दिउँसो ३ बजेदेखि ४ बजेसम्म) एक अभिमुखीकरण वेबिनार आयोजना गर्नेछौं। कार्यक्रमको लागि दर्ता फारमको लिङ्क यहाँ छ।

### हामी एक समूह / समुदायको रूपमा छौं, के हामी आवेदन दिन सक्छौं?

अवश्य पनि । व्यक्तिहरूले र समूहहरूले आवेदन दिन सक्नेछन् ।

समूहगत आवेदकमा कुनै संस्था, प्रतिष्ठान, कम्पनी, साझेदारी, समूह वा समुदाय हुन सक्छन् । समूहगत आवेदकले आवेदनमा आफ्नो प्रतिनिधिको नाम राख्नुपर्छ र सो प्रतिनिधिले कार्यशाला शृङ्खलामा सहभागी हुनुपर्नेछ ।

### के योग्यताको लागि मैले नागरिकताको प्रमाण पेश गर्नुपर्छ ?

आवश्यक नपरी हामी प्रमाण माग्ने छैनौं । विद्यमान कानुनी अवरोध वा अड्चनका कारण नागरिकता प्राप्त गर्न नसकेका आवेदकहरूलाई पनि हामी ध्यानमा राख्नेछौं ।

### आवेदन गर्न नेपालमा संस्थाको रूपमा दर्ता भएको हुनुपर्छ ?

तपाईंले संस्थाको रूपमा आवेदन दिँदै हुनुहुन्छ भने नेपालमा दर्ता भएको हुनुपर्छ ।

### यो अवसरका लागि आवेदन गर्न नेपालमा नै बसोबास गर्ने नेपाली नागरिक हुनुपर्छ ?

हो, यो अवसरमा आवेदन गर्न तपाईं नेपालमा नै बसोबास गर्ने नेपाली हुनुपर्छ ।

### आवेदन गर्नको लागि मसँग स्पष्ट/परिभाषित सोच हुनुपर्छ ?

पर्दैन । सोच कुनै पनि चरणमा रहेको हुन सक्छ (नयाँ वा केही स्थापित भइसकेको हुनसक्छ) । यो त्यो बिन्दुमा पनि हुनसक्छ जसले यो अहिले प्रदान गरिन लागिएको सहयोग र विकासको अवसरबाट लाभ लिन सक्नेछ ।

व्यवसाय सोच पेश गर्ने आवेदकका लागि अरु थप मूल्याङ्कन मापदण्ड हुनेछ, तर अंक प्रदान गर्ने तरिका सोचविनाका अन्य आवेदनहरू समान रहनेछ ।

हामीले मुख्य गरी जलवायु परिवर्तनप्रति सिर्जनशील प्रतिकार्य गर्न ठोस रुचि भएका आवेदकहरू खोजिरहेका छौं, जसले बहुविधागत कार्यमा रुचि राख्छन् र आफ्नो समुदाय तथा गाउँठाउँको विकासमा प्रतिबद्ध छन् ।

### हामी कस्तो प्रकारका आवेदक खोजिरहेका छौं ?

सोच र नवप्रवर्तन जो कोहीबाट, जहाँ कहीँ पनि प्रस्फुटित वा उत्पन्न हुन सक्छ र यसलाई कुनै पनि विधा मार्फत प्रवाह गर्न सकिन्छ भन्ने हाम्रो विश्वास रहेको छ । त्यसैले हामी जो कोहीबाट आउने आवेदनलाई स्वागत गर्दछौं ।

### युवा उद्यमशीलता प्रोत्साहन गर्नका लागि भनिएको छ । युवालाई कसरी परिभाषित गरिन्छ ?

हामीले नेपाल सरकारको आधिकारिक परिभाषा प्रयोग गरेका छौं, अर्थात् १८ देखि ४० वर्षका युवाहरू । १८ वर्षभन्दा मुनिका व्यक्ति यस अवसरका लागि योग्य हुनेछैनन्, तर ४० वर्ष माथिकाले भने अझै पनि आवेदन गर्न पाउनेछन् । ४० वर्ष उमेरभन्दा माथिका खास उम्मेदवारहरूलाई हाम्रो मूल्याङ्कन प्यालनले ध्यानमा राख्नेछ ।

### आवेदनको मूल्याङ्कन कसरी गरिन्छ ?

आवेदनहरू यस कार्यक्रमका साझेदारहरूको प्रतिनिधित्व गर्ने विज्ञ प्यानलबाट समीक्षा गरिनेछ । प्यानलले प्रत्येक जवाफमा अंक प्रदान गर्नका लागि बहुमापदण्ड प्रयोग गर्नेछ, यस अन्तर्गत तलका कुरालाई विशेष ध्यानमा राखिनेछ :

- सान्दर्भिकता तथा उद्देश्य : आवेदकले आफ्नो प्रेरणा र आकांक्षालाई कसरी प्रमाणित गर्दछन्, कार्यक्रमको नतिजा/प्रभावसँग उनीहरूको उद्देश्य कत्तिको सान्दर्भिक छ ।
- समानता, विविधता र समावेशिता : प्यानलले लैङ्गिक सन्तुलन र पर्याप्त भौगोलिक/जनसाङ्ख्यिक विविधता हुने गरी प्रतिनिधिमूलक समूह छनौट गर्नेबारे आवेदनहरूमा विचार गर्नेछ ।

सफल आवेदकहरूले ब्रिटिश काउन्सिलबाट सन् २०२२ को सेप्टेम्बर ९ (भदौ २४, २०७९) सम्ममा स्थान पक्का भए नभएको बारे खबर पाउनेछन् ।

### के मैले फाराम डाउनलोड गरेर इमेल मार्फत पेश गर्न सक्छु ?

अवश्य, सक्नुहुन्छ । फारामको अफलाइन संस्करण पनि राखिएको छ, त्यसलाई डाउनलोड गरेर arts@britishcouncil.org.np मा इमेल मार्फत पेश गर्न सकिन्छ ।

### के आवेदन दिनका लागि मैले सहयोग पाउन सक्छु ?

आवेदन प्रक्रियालाई सकेसम्म समावेशी र सबैको पहुँचयोग्य बनाउन हामी प्रतिबद्ध छौं । आवेदनका सम्बन्धमा तपाईंका कुनै प्रश्न छन् वा सहयोग चाहिन्छ भने कृपया arts@britishcouncil.org.np मा इमेल गर्नुहोस् र हामी जतिसक्दो मद्दत गर्नेछौं ।

स्मरण रहोस्, तपाईंले हाम्रो डिजिटल फाराम मार्फत वा छोटो भिडियोको रूपमा आफ्नो आवेदन पेश गर्न सक्नुहुन्छ ।

### के उक्त फाराम र आवेदन गाइड नेपालीमा पनि उपलब्ध हुनेछन् ?

हो, फाराम र आवेदन गाइड नेपालीमा पनि उपलब्ध हुनेछन् ।

### के यस कार्यक्रममा भाग लिन पैसा वा शुल्क लाग्छ ?

अहँ, लाग्दैन ।

यस कार्यक्रममा आवेदन गर्न वा (छनौट भएपछि) यसका कुनै पनि गतिविधिमा भाग लिनका लागि कुनै पैशा वा शुल्क लाग्दैन । कार्यक्रममा छनौट हुने आफ्नै प्रक्रिया छ । यसका लागि In Our Hands Programme ले आवेदनको लागि आह्वान गर्नेछ र त्यसपछि आएका आवेदनहरूको समीक्षा गर्दै छनौट प्रक्रिया अघि बढाइनेछ ।

### आवेदन/प्रदर्शन अवसरमा के कुरा समावेश छ ?

६ वटा परियोजनाले सोचहरूको परीक्षण प्रयोग/नमुना विकास गर्न वित्तीय अनुदान पाउनेछन् । उनीहरूले विभिन्न थप स्रोतहरूमा पहुँच र साझेदारहरूबाट सहयोग पाउनेछन् ।

## मेरो व्यक्तिगत जानकारी कसरी प्रयोग गरिनेछ ?

आवेदकहरूको व्यक्तिगत जानकारी आवेदनको प्रक्रिया मिलाउन र छनौट भएका सहभागीहरूको प्रोफाइल बनाउन मात्र प्रयोग गरिनेछ ।

## बौद्धिक सम्पत्तिको हकमा के गरिन्छ ? हामी In our hands कार्यक्रममा सहभागी भयौँ भने मेरो/हाम्रा सोचहरूमा कसको स्वामित्व हुनेछ ?

कार्यक्रममा सहभागीहरूले आयोजक वा परियोजना साझेदारहरूसँग आफ्नो बौद्धिक सम्पत्ति साझेदारी गर्नु, हस्तान्तरण गर्नु वा दिनु पर्दैन । अरु सँगसँगै वा मिलेर काम गर्नका लागि आवेदन दिनेहरूले (जस्तै संस्था, प्रतिष्ठान र समुदायसँग) कार्यक्रममा सामेल हुनु अघि आवश्यक पर्ने अनुमतिहरू लिएको हुनुपर्छ । हामी यस कार्यक्रमका लागि विश्व बौद्धिक सम्पत्ति संगठनले परम्परागत ज्ञानको सम्बन्धमा प्रदान गरेको संरक्षणको पालना गर्नेछौं ।

त्यसैगरी, कार्यक्रममा ठाउँ पाउनु वा आबद्ध हुनुले कुनै पनि सहभागीलाई कार्यक्रम साझेदार, आयोजक र लगानीकर्तासँग सम्बन्धित कुनै पनि बौद्धिक सम्पत्ति प्रयोग गर्ने अधिकार प्रदान गर्दैन ।